# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

visit nepal 2020 Lifetime Experiences


पत्र संख्या २०७६/७७ के.क.प्र.शा.,च.नं. १६१६

मितिः २०७६/०९/२७

श्री उत्पादन निर्देशनालय।

श्री प्रशारण निर्देशनालय।

श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।

श्री प्रशासन निर्देशनालय।

श्री अर्थ निर्देशनालय।

श्री ईन्जिनियरिङ्ग सेवा निर्देशनालय।

श्री योजना, अनुगमन तथा सूचना प्रविधि निर्देशनालय।

श्री आयोजना व्यवस्थापन निर्देशनालय।

श्री ने.वि.प्रा. सहायक कम्पनी अनुगमन निर्देशनालय।

श्री आन्तरिक लेखा परीक्षण विभाग।

श्री ईनर्जि ईफिसियन्सी तथा चुहावट नियन्त्रण विभाग।

**विषयः EPR सम्वन्धमा।**

नेपाल विद्युत प्राधिकरण संचालक समितिको, मिति २०७६/०८/१८ को ८१४ औं बैठकबाट नेपाल विद्युत प्राधिकरणका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई EPR उपलव्ध गराउने निर्णय भएको र उक्त निर्णय कार्यान्वयनका लागि श्री कार्यकारी निर्देशकको सचिवालयको प.सं. २०७६/७७ का.नि.स. च.नं. ७११ मिति २०७६/०९/१० को पत्र प्राप्त भए अनुसार केन्द्रीय कर्मचारी प्रशासन शाखाको च.नं.१५६८ मिति २०७६/०९/११ को पत्र मार्फत परिपत्र गरिएकोमा उक्त निर्णयको को बुदा नं. ५ (पेज नं. ५) का सम्बन्धमा अस्पष्ट भएको भनी गुनासाहरु प्राप्त हुन आएको र सो सम्वन्धमा थप स्पष्ट हुन आवश्यक देखिएकोले तपशिल बमोजिम हुने गरि गर्नु गराउनु हुनेछ।

तपशिलः

**५.(क) सम्बन्धित कार्यालयको स्वीकृत दरवन्दीमा रहेको भन्ने व्यहोराको सम्बन्धमाः**

१) सम्बन्धित कार्यालयको स्वीकृत पद र दरबन्दीमा दरबन्दी भन्दा बढी कर्मचारी कार्यरत रहेको भएमा क्रमशः सोही पद र तहमा सवै भन्दा पहिले देखी कार्यरत कर्मचारीलाई दरवन्दीमा कार्यरत रहेको मान्ने।

२) एकै दिन रमाना लिइ हाजिर भएका कर्मचारीहरु मध्ये नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा, शर्त विनियमावली २०७५ अनुसार कायम हुने बरिष्ठ कर्मचारीलाई दरवन्दीमा रहेको मान्ने।


**प्रशासन निर्देशनालय**
प्रमुख ☎ ०१-४१५३०११ (आ.१२०५)
पि.ए. ☎ ०१-४१५३०१० (आ.१२०६)
इमेलः admin@nea.org.np

**जनसाधन विभाग**
प्रमुख ☎ ०१-४१५३००३ (आ.१२०७)
पि.ए. ☎ ०१-४१५३००२ (आ.१२०८)
इमेलः hrd@nea.org.np

**कर्मचारी प्रशासन महाशाखा**
प्रमुख ☎ ०१-४१५३००१ (आ.१००१)
पि.ए. ☎ (आ.१००२)
इमेलः admindiv@nea.org.np

**केन्द्रीय कर्मचारी प्रशासन शाखा**
प्रमुख ☎ ०१-४१५३००६ (आ.१००७)
इमेलः centraladmin@nea.org.np

कम्प्युटर कक्षः ☎ ०१-४१५३०००, (आन्तरिक १००६), फ्याक्स ०१-४१५०००५

प्रधान कार्यालयः दरबारमार्ग, काठमाडौं

पत्र संख्या २०७६/७७ के.क.प्र.शा.,च.नं.१६१६

३) सरुवा भएका कर्मचारीहरुको हकमा सरुवा भएको मितिले २१ दिनसम्म मात्र साविक कार्यालयको दरवन्दीमा पदाधिकार रहेको मानिने र तत् पश्चात त्यस्तो कर्मचारीको पदाधिकार स्वतः सरुवा भएको कार्यालयको दरवन्दीमा कायम रहने।

४) साविक पदमा दरवन्दीमा रहि बढुवा भएका कर्मचारीहरुलाई बढुवा पत्र दिईएको तर पदस्थापन नगरिए सम्मका लागि त्यस्तो कर्मचारी दरवन्दीमा रहेको मान्ने।

५) माथिल्लो पदमा जिम्मेवारी तोकिएका कर्मचारीहरुको पदाधिकार माथिल्लो पदको रिक्त दरवन्दीमा कायम रहेको मान्ने।

६) उपरोक्त (१) र (२) अनुसार दरबन्दीमा नपरेका कर्मचारीले दरवन्दी भएको कार्यालयमा फिर्ता जान चाहेमा कार्यरत कार्यालयले त्यस्तो कर्मचारीबाट व्यक्तिगत निवेदन लिई कार्यालयको सिफारिस सहित जनसाधन विभागमा पठाउने।

७) दरवन्दी भन्दा बढी कार्यरत कर्मचारीहरुको विवरण तत्काले जनसाधन विभागमा पठाउने।

**५.(ख) हरेक महिना न्यूनतम २१ दिन रुजु हाजिर भएका भन्ने व्यहोराको सम्वन्धमाः**

१) रुजु हाजिर भन्नाले कुनै पनि विदा बाहेक कार्यालयमा कर्मचारी हाजिर भएकोलाई जनाउनेछ।

२) कुनै पनि विदा भन्नाले नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा, शर्त विनियमावली २०७५ को विनियम ७२ बमोजिम कर्मचारीले पाउने विदा र सट्टा विदा समेतलाई जनाउनेछ।

३) सट्टा विदामा बस्ने कर्मचारीले उक्त विदा बसेको दिनको सट्टामा सार्वजनिक विदाको दिन गरेको कामको निमित्त उक्त सार्वजनिक विदाको दिन निजको हाजिरी जनिनेछ तर निज सट्टा विदा बसेको दिन रुजु हाजिरमा गणना नगरि सार्वजनिक बिदा कायम गरिनेछ।

४) सार्वजनिक निकायबाट कर्मचारी माग भई दैनिक तथा भ्रमण भत्ता नपाउने गरि त्यस्तो सार्वजनिक निकायमा काज खटिएका कर्मचारीहरुलाई काज खटिएको निकायबाट २१(एक्काईस) दिन रुजु हाजिर भएको व्यहोरा प्रमाणित भई आएमा सोही बमोजिम रुजु हाजिर मानिनेछ।

५) काज खटिएका अन्य कर्मचारीको हकमा निम्नानुसारको काज अवधिलाई हाजिरी मानिनेछः

(क) नेपाल विद्युत प्राधिकरणबाट मनोनयन भई तालिम, सेमिनार, अन्तरक्रिया तथा Inspection आदीका लागि खटिएका,

(ख) नेपाल विद्युत प्राधिकरण बाहेक अन्य सार्वजनिक निकाय/कार्यालयमा गई सम्पादन गर्नुपर्ने कार्यको निमित्त त्यस्तो निकाय/कार्यालयमा काज खटिएका कर्मचारीहरुले नेपाल विद्युत प्राधिकरण भ्रमण खर्च विनियमावली २०६५ को विनियम २२(६) बमोजिम भ्रमणमा गएको कार्यालयबाट अनुकुलताको आधारमा हाजिरी प्रमाणित गरेका,

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

पत्र संख्या २०७६/७७ के.क.प्र.शा.,च.नं. १६१६

(ग) नेपाल विद्युत प्राधिकरण भ्रमण खर्च विनियमावली, २०६५, बमोजिम भ्रमणमा खटिएका कर्मचारीले नेपाल विद्युत प्राधिकरण कार्यकारी निर्देशकको मिति २०७६/०१/२३ प.सं.०७५/०७६ च.नं.१३९१ र नेपाल विद्युत प्राधिकरण, कार्यकारी निर्देशस्तरीय मिति २०७६/०६/२९ को निर्णयानुसार मिति २०७६/०७/०१ प.सं.२०७६/०७७ च.नं. ९३८ को परिपत्र अनुसारको काज अवधिलाई रुजु हाजिर मानिनेछ तर हाजिर प्रमाणित हुनु पर्ने गरी काज खटिएका कर्मचारीहरुले त्यस्तो कार्यालयबाट हाजिर प्रमाणित गरी पेश गरे पश्चात मात्र निजको काज अवधिलाई रुजु हाजिरमा गणना गरिनेछ।

.............................

कुलमान घिसिङ

कार्यकारी निर्देशक


**प्रशासन निर्देशनालय**
प्रमुख ☎ ०१-४१५३०११ (आ.१२०५)
पि.ए. ☎ ०१-४१५३०१० (आ.१२०६)
इमेल: admin@nea.org.np

**जनसाधन विभाग**
प्रमुख ☎ ०१-४१५३००३ (आ.१२०७)
पि.ए. ☎ ०१-४१५३००२ (आ.१२०८)
इमेल: hrd@nea.org.np

**कर्मचारी प्रशासन महाशाखा**
प्रमुख ☎ ०१-४१५३००१ (आ.१००१)
पि.ए. ☎ (आ.१००२)
इमेल: admindiv@nea.org.np

**केन्द्रीय कर्मचारी प्रशासन शाखा**
प्रमुख ☎ ०१-४१५३००६ (आ.१००७)
इमेल: centraladmin@nea.org.np

कम्प्युटर कक्ष: ☎ ०१-४१५३०००, (आन्तरिक १००६), फ्याक्स ०१-४१५०००५

प्रधान कार्यालय: दरबारमार्ग, काठमाडौं